# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०५/१५ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | बिशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन गर्दा लिईएका आधार र कारण |
|---|---|---|---|---|---|
| १. | तेजनाथ पौडेल, टंक प्रसाद निरौला, बुद्धमाया थापा मगर, राम कृष्ण थापा मगर, फुर गेल्जे शेर्पा, ङिम याङजि शेर्पा, ल्हाक्पा दिकी शेर्पा, पेम्बा शेर्पा, गेल्जेन शेर्पा, शर्मिला राई, र मिङमा ल्हमु शेर्पा (बिशेष अदालतको मुद्दा नं. ०८०-CR-०१६३ र फैसला मिति २०८१।७।२६ | सरकारी जग्गा व्यक्ति विशेषको नाममा कायम गरी गराई भ्रष्टाचार गरेको। | **(क)**प्रतिवादी तेजनाथ पौडेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) र दफा ११ बमोजिमको कसूरमा विगो रु. ६,१८,०००।- (अक्षरेपी छ लाख, अठार हजार रुपैया मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिमको जरिवानाको सजाय गरी बिगो असुल उपर हुन र सोही ऐनको दफा ११ बमोजिम समेत सजाय हुन मागदावी लिइएको।<br><br>**(ख)** प्रतिवादी टंक प्रसाद निरौलालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) र दफा | **फैसलाः**<br>**क)** प्रतिवादीहरु तेजनाथ पौडेल समेत उपरको भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसूर गरेको पुष्टि हुन नसकी सोही ऐनको दफा ११ बमोजिमसमेतको वादी दावी पुग्न नसकी प्रतिवादीहरु तेजनाथ पौडेल र टंक प्रसाद निरौला, आरोपित कसूरबाट सफाई पाउने ठहर्छ। | **उल्लेखित आधारहरु लिई गरेको उक्त फैसला न्याय प्रशासन ऐन,२०७३ को दफा ९ को उपदफा (१) को देहाय (घ) बमोजिम अवस्था विद्यमान भई निम्न लिखित आधार कारणबाट त्रुटिपूर्ण रहेकोले पुनरावेदनको रोहबाट बदरभागी छ ।**<br>**(क)** जिल्ला सोलुखुम्बु साविक जुभिङ गा.वि.स. वडा नं. ५ को कि.नं. ५७९ र ५८१ कित्ता जग्गाहरुको साविक लगतमा रहेको जग्गाधनी महलमा **"जंगल"** र कैफियत महलमा **"श्री ५ को सरकार"** भनि दस्तखत प्रमाणित भएको उक्त जग्गा तत्कालिन श्री ५ को सरकारको नाममा कायम रहेको तथ्य नापी कार्यालय सोलुखुम्बुको च.नं. ३६२, मिति २०७६।०९।०४ र च.नं. ६७३, मिति २०७९।१२।१२ गतेको पत्रबाट स्थापित भएको देखिन्छ। यसै गरि सोही गा.वि.स. वडा नं. ५ को कि.नं. १५२ को जग्गाको साविक लगतको जग्गाधनी महलमा **"कोर जंगल"** जनिएको भनी नापी कार्यालय, सोलुखुम्बुको उपरोक्त पत्र एवं संलग्न फिल्डबुकबाट देखिएकोले उक्त तीनवटै कित्ता जग्गाहरु नेपाल सरकारको सरकारी सार्वजनिक जग्गा रहेको तथ्य स्पष्ट देखिएको।<br>(ख) जिल्ला सोलुखुम्बु साविक जुभिङ गा.वि.स. वडा नं. ५ को कि.नं. ५७९ र ५८१ जग्गाको जग्गाधनी महलमा **"जंगल"** र कैफियत महलमा **"श्री ५ को सरकार"** भनि दस्तखत गरेको देखिन्छ। साथै कि.नं. १५२ को जग्गाधनि महलमा **"कोर जंगल"** जनिएको देखिन्छ। उक्त जग्गाहरुका सम्वन्धमा, जग्गा (नाप जाँच) ऐन २०१९ को दफा ११(ख) बमोजिम गठित समितिको मिति २०५०।१२।२२ को निर्णयमा जिल्ला सोलुखुम्बु, साविक जुभिङ गा.वि.स., वडा नं. ५ को कि.नं. ५७९, कि.नं. ५८१, र कि.नं. १५२ को जग्गा स्थलगत प्रतिवेदन समेतद्वारा तथा नक्सा, क्षेत्रिय किताव समेत अध्ययन गर्दा ठुलो बन जंगलको ब्लकभित्रको हुनुको साथै श्री ५ को सरकार को नाउँमा श्रेष्ता पुर्जा समेत तयार भएको देखिंदा उक्त जग्गा दाबा गर्ने निबेदकहरुले सामुदायिक वन राख्न चाहे सोको प्रक्रिया जिल्ला वन कार्यालयवाट पुरा गरि ल्याउने अन्यथा सरकारी वन जंगल नै कायम गर्ने भन्ने समेत निर्णय भएको देखिंदा फिल्डबुक, र जग्गा(नाप जाँच) ऐन २०१९ को दफा ११(ख) बमोजिम गठित समितिको मिति २०५०।१२।२२ को निर्णयको ब्यहोराबाट समेत उक्त जग्गाहरु तत्कालिन श्री ५ को सरकारको नाममा कायम गरी सरकारी जग्गाहरु भएको थप स्पष्ट देखिएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ११ बमोजिमको कसूरमा बिगो रु. ६,१८,०००।- (अक्षरेपी छ लाख, अठार हजार रुपैया मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिमको जरिवानाको सजाय गरी बिगो असुल उपर हुन र सोही ऐनको दफा ११ बमोजिम समेत सजाय हुन मागदावी लिईएको<br><br>**(ग)**प्रतिवादी बुद्धमाया थापा मगरलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) र दफा ११ बमोजिमको कसूरको मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसूर गरेको देखिएकोले निज प्रतिबादी बुद्धमाया थापा मगरलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) | **ख)** प्रतिवादीहरु बुद्धमाया थापा मगर, राम कृष्ण थापा मगर, फुर गेल्जे शेर्पा, डिम याङजि शेर्पा, ल्हाक्पा दिकी शेर्पा, पेम्बा शेर्पा, गेल्जेन शेर्पा, शर्मिला राई, र मिङमा ल्हमु शेर्पाले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ भनी मिति २०८१।७।२६ मा फैसला सम्मानित बिशेष अदालतबाट भएको अवस्था छ।<br>**बिशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>**(क)** मालपोत कार्यालय सोलुखुम्बुको | **(ग)** साविक जग्गा महलमा **जंगल** र कैफियतमा **श्री ५ को सरकार** जनिएको उक्त कि.नं. ५७९ बाट कि.नं. ६२० र ६२१ कायम गरी बुद्धमाया थापा मगरको नाममा श्रेस्ता कायम गरि निज बुद्धमाया थापा मगरले प्राप्त गरेको जग्गाधनी प्रमाणपुर्जामा मिशिल.नं. ५७४ मिति २०५८।४।३१ लेखिएको देखिन्छ भने उक्त जग्गाहरु बुद्धमाया थापा मगरकोमा मिति २०५९।१२।२७ मा श्रेस्ता कायम गरेको तथ्य मालपोत कार्यालय सोलुखुम्बुको मिति २०७६।९।३ को च.नं. ८१६ को पत्रबाट देखिन्छ।कि.नं. ६२० र ६२२ का जग्गाहरु बुद्धमाया थापा मगरबाट हालैको बकसपत्रबाट मिति २०६९।२।१९ मा निज कै नाती नाताका रामकृष्ण थापा मगरको नाममा गई निज रामकृष्ण थापा मगरबाट पारित राजिनामा कागजद्वारा अन्य व्यक्तिहरु अर्थात हालका जफत प्रयोजनको लागी प्रतिबादी कायम गरिएका व्यक्तिहरुको नाममा चरणबद्ध रुपमा कित्ताफोड हुँदै आएको देखिंदा उक्त जग्गाहरुको साविक जग (Foundation) सरकारी जग्गाहरु रहेको तथ्य स्थापित भएकै देखिएको।<br>**(घ)** साविकको जग्गाधनी महलमा **जंगल** र कैफियत महलमा **श्री ५ को सरकार/नेपाल सरकार** उल्लेख भएको सोही गा.वि.स., वडा नं ५, कि.नं ५८१ को क्षेत्रफल ४०,३२० ब.मी. रहेको जग्गाबाट कित्ताफोड भई कायम कि.नं. ६२२ र कि.नं. ६२३ मध्ये कि.नं. ६२२ को क्षेत्रफल २५०० बर्ग मिटर जग्गा बुद्धमाया थापा मगर नाममा श्रेष्ता कायम गरि कि.नं. ६२३ को क्षेत्रफल ३७८२० बर्ग मीटर जग्गा श्रेस्तामा बाँकी रहेको तथ्य नापी कार्यालय, सोलुखुम्बुको च.नं. ६७३, मिति २०७९।१२।१२ गतेको पत्रबाट देखिन्छ। साविक फिल्डबुक लगतमा **"कोर जंगल"** जनिएको कि.नं. १५२ को क्षेत्रफल ९३३९५५ बर्ग मीटर जग्गा कित्ता काट भई कि.नं. ६२४ कायम गरी क्षेत्रफल ४७०० बर्ग मीटर जग्गा बुद्धमाया थापा मगर र कि.नं. ६२५ कायम गरी क्षेत्रफल ९२९२५५ बर्ग मीटर बाँकी रहेको तथ्य नापी कार्यालय, सोलुखुम्बुको च.नं. ६७३, मिति २०७९।१२।१२ गतेको पत्रबाटै देखिन्छ। निज बुद्धमाया थापा मगरको नाममा रहेको उल्लिखित जग्गाहरु प्लटरजिष्टरमा नापी क्रम संख्या र मितिमा २०५८।४।३१ लेखिएता पनि कसैले पनि प्रमाणित गरेको नदेखिएको भनि नापी कार्यालय, सोलुखुम्बुको च.नं. ६७३ मिति २०७९।१२।१२ को पत्रबाटै देखिंदा निज बुद्धमाया थापा मगरको नाममा श्रेष्तामा देखिएका उल्लिखित साविक कि.नं. ५७९, ५८१ र १५२ का जग्गाहरु साविकमा जंगल, कोर जंगल जनिएको, र कैफियत महलमा श्री ५ को सरकार जनिएका सरकारी सार्वजनिक जग्गाहरु हो भन्ने तथ्य च.नं ८१६ मिति २०६७।०९।०३ गतेको मालपोत कार्यालय, सोलुखुम्बु पत्र, च.नं. ६७३, मिति २०७९।१२।१२ गतेको नापी कार्यालय, सोलुखुम्बुको पत्र, एवं |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | को देहाय (ज) र दफा ११ वमोजिम हुने सजायलाई आधार मानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांस बमोजिम मूख्य कसूरदारहरुलाई हुने सरह सजाय गरी जम्मा विगो रु. ६,१८,०००।- (अक्षरेपी छ लाख, अठार हजार रुपैया मात्र) असुलउपर हुन मागदावी लिनुपर्ने देखिएता पनि निज प्रतिवादी बुद्धमाया थापा मगरको मृत्यु भएको मृत्यु दर्ता प्रमाणपत्रसमेतबाट देखिएकोले फौजदारी न्यायको मान्य सिद्धान्त बमोजिम मृत्यु भएकाहरुको हकमा फौजदारी कसुरमा सजाय माग दावी लिनुपर्ने अवस्था नरहेता पनि मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा | मिसिल नं ५७४ समेत मिति २०५८।८।१० को आगजनीमा परी नष्ट भएको भन्ने मालपोत कार्यालय सोलुखुम्बुको मिति २०७६।९।३ को पत्रबाट देखिन्छ। **(ख)** प्रतिवादी टंक प्रसाद निरौलाले बयानसाथ पेश गरेको मालपोत कार्यालय, गा.वि.स.को पत्र, वन कार्यालयको प्रतिवेदन, नापी कार्यालयको पत्र समेतबाट प्रतिवादी बुद्धमाया थापा मगरका नाउँमै जग्गा दर्ता प्रकिया चलेको समेत देखिएको। | च.नं ९६५ मिति २०७६।०९।०९ गतेको जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बुको पत्रहरुबाट स्पष्ट देखिंदा देखिदैं उक्त लिखित प्रमाण (Documentary Evidence) को वेवास्ता गरी प्रतिवादीहरुलाई आरोपदावीबाट सफाई दिई भएको फैसला बदरभागी रहेको। **(ङ)** प्रतिवादी बुद्धमाया थापा मगरको नाममा श्रेष्ता थप गरेको उल्लिखित कि.नं. ५७९, ५८१ र १५२ का जग्गाहरुको जग्गाधनी प्रमाण पूर्जामा मिति २०५८।४।३१ जनाई तत्कालिन मालपोत अधिकृत भिम बहादुर सोम्बाहाम्फे तथा खरिदार तेजनाथ पौडेलको दस्तखत देखिन्छ। मालपोत कार्यालय, सोलुखुम्बुको मिति २०५८।०६।१५ को पत्रमा तत्कालिन मालपोत अधिकृत भिम बहादुर सोम्बाहाम्फेको हस्ताक्षर देखिन्छ। मालपोत कार्यालय, सोलुखुम्बुका तत्कालीन खरिदार प्रतिवादी तेजनाथ पौडेलले उक्त जग्गाहरु मि.नं. ५७४ बाट तत्कालिन मालपोत अधिकृत भिम बहादुर सोम्बाहाम्फेले निर्णय गरी दस्तखत गरेका हुन सोही क्रममा मेरो पनि दस्तखत परेको हो भनी अनुसन्धानको क्रममा र अदालतमा समेत बयान गरेको देखिंदा मिति २०५८।०८।१० गते माओबादीहरुले सोलुखुम्बु जिल्ला स्थित मालपोत कार्यालय समेतमा आक्रमण गर्दा मृत्यु भएका तत्कालिन मालपोत अधिकृत भिम बहादुर सोम्बाहाम्फेको प्रतिवादी बुद्धमाया थापा मगरको नाममा श्रेष्ता थप गरेको उल्लिखित कि.नं. ५७९, ५८१ र १५२ का जग्गाहरुको जग्गाधनी प्रमाण पूर्जामा उल्लेखित तत्कालिन मालपोत अधिकृत भिम बहादुर सोम्बाहाम्फेको दस्तखत र निजको समकालिन अन्य दस्तखत जाँचको लागी राष्ट्रिय विधिविज्ञान प्रयोगशालामा पठाउँदा उक्त हस्ताक्षर निज भिम बहादुर सोम्बाहाम्फेको समकालिन हस्ताक्षरसँग मिल्दैन भनि मिति २०८०।०६।२९ को प्रयोगशाला परिक्षण प्रतिवेदन प्राप्त भएको देखिंदा तत्कालिन मालपोत अधिकृत भिम बहादुर सोम्बाहाम्फेको मृत्यु भई सकेपछि मालपोत कार्यालय, सोलुखुम्वुका तत्कालिन खरिदार तेजनाथ पौडेल, कित्ता काट गर्ने नापी कार्यालय, सोलुखुम्बुका तत्कालिन अमिन टंक प्रसाद निरौला, र प्रतिवादी बुद्धमाया थापामगर समेतले मिलेमतो सरकारी सार्वजनिक जग्गा हानी नोक्सानी गर्ने उदेश्यले द्धन्दको समयमा श्रेष्ता जलेको अवस्था पारि प्रतिवादी बुद्धमाया थापा मगरको जग्गाधनी श्रेष्ता पुर्जामा उल्लिखित कि.नं. ५७९, ५८१ र १५२ का जग्गाहरु प्रतिवादी तेजनाथ पौडेलले थपी दस्तखत गरि नक्कली किर्ते जग्गाधनी पुर्जा बनाएको तथ्य स्थापित भएको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा २० बमोजिम राष्ट्रिय विधिविज्ञान प्रयोगशालाका विशेषज्ञले लिखत जाँच गरि दिएको प्रतिवेदनलाई सर्वोत्तम प्रमाणको रुपमा अदालतले ग्रहण गर्नुपर्नेमा उक्त प्रमाणको वेवास्ता गरि भएको फैसला त्रुटिपुर्न देखिन्छ। यसै सन्दर्भमा "बैज्ञानिक परीक्षणबाट आएको परिणामलाई अदालतले इन्कार गर्न नसक्ने, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | १३३ को उपदफा (२) तथा दफा १५८ को उपदफा (२), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९क. र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ बमोजिम मृत्यु भएको व्यक्तिको हकमा समेत मुद्दा चलाउन र सरकारी वा निजी बिगो, क्षतिपुर्ति वा रकम भराउन सकिने कानुनी व्यवस्था रहेकोले मत्यु भएको प्रतिवादी बुद्धमाया थापा मगरको हकमा निजले नेपाल सरकारलाई हानी पुऱ्याएको बिगो रकम रु. ६,१८,०००।- (अक्षरेपी छ लाख, अठार हजार रुपैया मात्र) निजको नाति प्रतिवादी राम कृष्ण थापा मगरबाट असुल उपर हुन मागदावी लिईएको व्यहोरा अनुरोध छ। साथै निज प्रतिबादी राम कृष्ण थापा | **(ग)** मिसिल संलग्न बुद्धमाया थापा मगरको जग्गाधनी प्रमाण पूर्जामा मिति २०५८।४।३१ मा भएको हस्ताक्षर भएको मालपोत अधिकृत भिम बहादुर सोम्बाहाम्फेको हस्ताक्षर मात्र किर्ते रहेको भन्ने वादी दावी रहेकोमा २०५८।४।३१ मा गरिएको हस्ताक्षर मिति २०८०।०६।२९ मा मात्र परिक्षण गरिएकोमा सोलाई समर्थन गर्ने अन्य प्रमाण वादीले पेश गर्न सकेको समेत नदेखिएको अवस्थामा | विज्ञानले विकसित गरेका नयाँ नयाँ प्रविधि र तिनबाट निस्कने निष्कर्षले न्याय सम्पादनलाई सघाउ पुऱ्याइरहेका हुन्छन्।त्यस्ता निष्कर्षलाई अकारण अदालतले इन्कार गर्न नसक्ने र विशेष अध्ययन, तालिम र अनुभवद्वारा लिखत परीक्षणमा दक्षता हासिल गरेका विशेषज्ञ न वादीका साक्षी हुन् न प्रतिवादीका साक्षी हुन्।यी स्वतन्त्र विषय विज्ञहरूको राय न्याय सम्पादनकै सहजताको लागि हो। विशेषज्ञको राय अन्य प्रमाणबाट समर्थित नभएमा वा विशेषज्ञको दक्षतामा प्रश्न उठी सो सत्य भएमा वा विशेषज्ञको निष्पक्षतामा सन्देह उत्पन्न भई सो स्थापित भएमा र तिनलाई विश्वास नगर्ने मनासिब आधार भएमा बाहेक विशेषज्ञको रायलाई सीधै अस्वीकार गर्न नसकिने" भनी (ने.का.प २०७०, अंक ४, नि.नं. ९००१) मा प्रतिपादित सिद्धान्त विपरित विशेष अदालतबाट उक्त प्रमाणको अन्देखा गरि प्रतिवादीहरुलाई सफाई दिने ठहर गरि भएको फैसला न्यायिक सिद्धान्त विपरित भई बदरभागी रहेको।<br>**(च)** प्रस्तुत मुद्दाको अनुसन्धान मिति २०७६।८।६ को पत्रिकामा प्रकाशित समाचारबाट शुरु भएको देखिन्छ। प्रतिवादीहरुले किर्ते गरि बुद्धमाया थापामगरको नाममा रहेको जग्गाधनी प्रमाणपुर्जामा तत्कालीन मालपोत अधिकृत भिम बहादुर सोम्बाहाम्फेको हस्ताक्षर सहीछाप गरेको देखिन्छ। निज भिम बहादुर सोम्बाहाम्फेको मिति २०५८।८।१० मा हत्याको कारण मृत्यु भएको देखिंदा निजको समकालिन हस्ताक्षर र उक्त लिखतमा भएको हस्ताक्षर जाँचको लागि पठाउँदा उक्त लिखतमा भएको हस्ताक्षर र निज भिम बहादुर सोम्बाहाम्फेको समकालिन हस्ताक्षर मिल्दैन भनि प्रतिबेदन प्राप्त भएको देखिन्छ।मालपोत कार्यालय सोलुखुम्बुका तत्कालीन खरिदार प्रतिवादी तेजनाथ पौडेलले मिशिल नम्बर ५७४ को जग्गाहरुको बारेमा भिम बहादुर सोम्बाहाम्फेले निर्णय गरी दस्तखत गरेका हुन् भनी गरेको विधिविज्ञान प्रयोगशालाको रिपोर्टबाट खन्डित भएको देखिएकोले यि प्रतिवादी विरुद्धको कसूर स्थापित भईरहेको देखिंदा देखिदैं उक्त प्रमाणहरुको विष्लेषण नगरि भएको फैसला त्रुटिपुर्ण देखिंदा बदरभागी रहेको।<br>**(छ)** नापी कार्यालय सोलुखुम्वुका तत्कालिन अमिन प्रतिवादी टंकप्रसाद निरौलाले अनुसन्धानमा बयान गर्दा सवाल जवाफ १३ मा मिति २०५८।४।३१ मा कित्ताकाटको लागि आएको जग्गाहरुका सम्बन्धमा कामकारवाही गरी कित्ताकाट गरी तत्कालीन हाकिमलाई दिएको थिएँ भन्ने समेत बेहोरा उल्लेख गरि उक्त सरकारी जग्गा कित्ताकाट गरि ब्यक्तिको नाममा कायम गर्ने कार्य गरेको तथ्यलाई स्विकार गरेकै देखिन्छ। निज प्रतिवादीले आफ्नो कार्यालयमा रहेका फिल्डबुक, नक्सा, प्लटरजिष्टर, समेतमा सरकारी जनिएको जग्गालाई ब्यक्ति विशेषको नाममा सिधै दर्ता गर्नु नक्सामा कित्ताकाट गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मगरको नाममा जग्गाधनी दर्ता श्रेष्ता कायम भएको तपसिलमा उल्लिखित जग्गा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ समेतको कानूनी प्रावधान बमोजिम नेपाल सरकारको नाममा फिर्ता हुन समेतको मागदावी लिईएको।<br><br>**(घ)** प्रतिवादीहरु फुर गेल्जे शेर्पा, डिम याङजि शेर्पा, ल्हाक्पा दिकि शेर्पा, पेम्बा शेर्पा, ल्हाक्पा गेल्जेन शेर्पा, शर्मिला राई र स्व. मिङमा ल्हमू शेर्पाको नाममा हाल कायम तपसिल बमोजिमका कित्ताहरु तत्कालीन श्री ५ को सरकारको नाममा कायम भएको जिल्ला सोलुखुम्बु, जुभिङ्ग गा.वि.स. वडा नं. ५ को किनं. ५७९, ५८१ र १५२ बाट तहतह कित्ताकाट हुँदै निजहरुको नाममा कायम | प्रतिवादीहरु तेजनाथ पौडेल र टंक प्रसाद निरौलालाई मात्र सोको दायित्व वहन गर्न लगाउन मिल्ने नदेखिएको।<br>**(घ)** प्रतिवादी बुद्धमाया थापा मगरको नाउँको लालपुर्जा किर्ते पुष्टि हुन नसकेको समेतका आधारमा "पेश भएका प्रमाण पछि फरक परे कानूनबमोजिम हुने गरी हाल श्रेस्ता पूर्जा तयार गर्ने गरी" भएको मालपोत कार्यालयको निर्णय बदनियतपूर्वक नदेखिएको।<br>**(ङ)** सरकारी सार्वजनिक जग्गा व्यक्ति बिशेषको | कार्य गरेको र सोही कार्यबाट उक्त साविक कि.नं. ५७९, ५८१ र १५२ का कित्ता जग्गाहरु प्रतिबादी बुद्धमाया थापामगर समेतका नाममा गराई क्रमशः अन्य व्यक्तिहरुको नाममा हस्तान्तण हुँदै गएको तथ्य स्थापित भई रहेको अवस्था देखिंदा देखिदैं सो तथ्यलाई नजरअन्दाज गरि प्रतिवादीहरुलाई आरोपदावीवाट सफाई दिने ठहर गरि भएको फैसला त्रुटिपुर्ण हुँदा बदरभागी रहेको।<br>**(ज)** प्रतिवादी राम कृष्ण थापा मगरले अनुसन्धानको क्रममा र अदालतमा समेत बयान गर्दा साविक कि.नं. ५७९, ५८१ र १५२ का जग्गा के कसरी मेरो हजुरआमा बुद्धमाया थापा मगरको नाममा आयो थाहा छैन निज बुद्धमाया थापा मगरबाट हालैको बकसपत्र कागजद्वारा कायम कि.नं. ६२०, ६२२ र ६२४ को जग्गा मेरो नाममा आएको हो, हालैको बकसपत्र पाएको केही समयको अन्तरालमा पुनःकित्ता काट गरी घडेरी रुपमा यस मुद्दामा प्रतिवादी रहेका जग्गाधनीहरुलाई बेचेको हुँ भन्ने समेत बेहोरा उल्लेख गरेको देखिंदा यि प्रतिवादीका हजुरआमा बुद्धमाया थापा मगर समेतले मालपोत कार्यालय, नापी कार्यालय, सोलुखुम्बु समेतका तत्कालिन कर्मचारीहरु यि प्रतिबादी तेजनाथ पौडेल, टंक प्रसाद निरौला समेतको सहकार्यबाट आफ्नो नाममा ल्याएको, र सोही जग्गा निज रामकृष्ण थापा मगरले बकपत्रबाट आफ्नो नाममा गराई बेचबिखन गरेको तथ्य स्पष्ट देखिएको स्थितिलाई विश्लेषण नगरि प्रतिबादीहरुलाई आरोपबाट सफाई दिएको फैसला त्रुटिपुर्ण रहेको बदरभागी रहेको।<br>**(झ)** जग्गा जफत प्रयोजनको लागी प्रतिवादी बनाईएका प्रतिवादीहरु फुर गेल्जे शेर्पा समेतले आफ्नो नाम आई सकेको जग्गा जफत हुनु पर्ने होइन भनि बयान गरेतापनि विवादित कि.नं. ५७९, १५२ र ५८१ जग्गाहरु सरकारी सार्वजनिक जग्गा रहेको तथ्य पुष्टि भएको देखिएको, सोही जग्गा गैरकानूनी तवरले बुद्धमाया थापा मगरको नाममा दर्ता गरि निजबाट निजे नाति नाताका प्रतिबादी रामकृष्ण थापा मगरको नाममा हालैको बकसपत्रबाट हस्तान्तरण गरि निज रामकृष्ण थापामगरबाट क्रमशः बिक्री वितरण हुँदै हालका जग्गाधनी प्रतिवादीहरुको नाममा आएको तथ्य स्थापित भईरहेकोले उक्त जग्गाहरु जफत गरि नेपाल सरकारको नाममा कायम गर्नुपर्नेमा निज प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटीपुर्ण रहेकोले बदरभागी रहेको।<br>**(ञ)** अतः माथि प्रकरण प्रकरणमा उल्लेखित आधार कारणबाट तथा प्रमाण ऐन,२०३१ को दफा ३ र ५४ विपरित फिल्डबुकमा श्री ५ को सरकार उल्लेखित कि.नं. ५७९, १५२ र ५८१ जग्गाहरुबाट कित्ता फोड भएका हालका जग्गाहरु सरकारी सार्वजनिक सम्पत्ति भएकोले उक्त जग्गाहरु व्यक्तिको नाममा कायम गरि भ्रष्टाचारजन्य कसूर भएको देखिन्छ भने प्रतिवादी बुद्धमाया थापामगरको नाममा के |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भएको हालको जग्गाधनी दर्ता श्रेस्ताबाट देखिँदा उल्लेखित जग्गाहरु सरकारी प्रकृतिका भएको पुष्टि भएकोले उक्त सरकारी जग्गाहरु भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ समेतको कानूनी प्रावधान बमोजिम नेपाल सरकारको नाममा फिर्ता हुन मागदावी लिईएको | नाउँमा दर्ता भएको भए मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम प्रक्रिया पुऱ्याई जुनसुकै बखत सम्बन्धित मालपोत कार्यालयले दर्ता गरी साविकबमोजिम अभिलेष अद्यावधिक गर्न सक्ने आधारहरु ग्रहण गरेको देखिन्छ। | कुन किसिमबाट दर्ता गरिएको हो स्पष्ट नभएको अवस्थामा यि प्रतिवादीहरुले बदनियतपुर्बक सरकारी जग्गा ब्यक्ति विशेषको नाममा दर्ता गरि सरकारी सम्पतिको हानी नोक्सानी गरेकोले सो कार्यमा संलग्न यि प्रतिवादीहरु तेजनाथ पौडेल, टंक प्रसाद निरौला, बुद्धमाया थापा मगर, रामकृष्ण थापा मगर, फुर गेल्जे शेर्पा, ङिम याङजि शेर्पा, ल्हाक्पा दिकी शेर्पा, पेम्बा शेर्पा, गेल्जेन शेर्पा, शर्मिला राई, र मिङमा ल्हमु शेर्पालाई आरोपित कसूर ठहर गरि सजाय गर्नु पर्ने प्रतिवादी बुद्धमाया थापा मगरको नाममा कायम गरिएका उक्त जग्गाहरु सोही ऐनको दफा ४७ बमोजिम जफत गर्नु पर्नेमा उल्लिखित प्रतिवादीहरुलाइ आरोप दावीबाट सफाई दिने ठहर गरि भएको फैसला त्रुटीपुर्ण रहेकोले बदर भागी रहेको। |